गौ.गा.का.पा.बै.सं-०१/२०८१/०८२

आज मिति २०८१/०४/२३ गतेका दिन गौमुखी गाउँपालिका अध्यक्ष श्री विष्णु कुमार गिरीको अध्यक्षतामा गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक बसि तपशिल बमोजिमको उपस्थितिमा विविध विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

| | |
|---|---|
| श्री विष्णु कुमार गिरी | अध्यक्ष |
| श्री महाविर राना मगर | उपाध्यक्ष |
| श्री दिल बहादुर थापा | वडाध्यक्ष, वडा नं १ |
| श्री डोर बहादुर राना | वडाध्यक्ष, वडा नं २ |
| श्री जँग बहादुर पुन मगर | वडाध्यक्ष, वडा नं ३ |
| श्री धनिराम सुनार | वडाध्यक्ष, वडा नं ४ |
| श्री वरुणध्वज मल्ल | वडाध्यक्ष, वडा नं ५ |
| श्री चन्द्र वहादुर खत्री | वडाध्यक्ष, वडा नं ६ |
| श्री कोमल पुरी | वडाध्यक्ष, वडा नं ७ |
| श्री निमा सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री कमला के.सी. | गाउँ कार्यपालिका सदस्य |
| श्री तेजमला राना मगर | गाउँ कार्यपालिका सदस्य |
| श्री सिता सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री बोम बहादुर सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री सुमित्रा गौचन थकाली | गाउँ कार्यपालिका सदस्य |
| श्री तुल्सीराम पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

आमन्त्रित-

दुर्गा प्रसाद सुवेदी - योजना तथा प्रशासन अधिकृत

प्रेम बहादुर डुम्रे - लेखापाल

Scanned with CamScanner

## निर्णयहरु

**निर्णय नं. : १ भुक्तानी दिन बाँकीको कच्चावारी विवरण स्वीकृत गर्ने सम्बन्धमा।**

यस आ व मा संघीय सरकारबाट प्राप्त समानीकरणको रु. ६५८०००० संघीय सरकारबाट प्राप्त राजश्व बाँडफाट प्राप्त रकम रु.२१९६१३४०।७४ र प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाट रु. १४९३०३८४ कम निकासा भई आ.व. २०८१/८२ मा दायित्व सिर्जना हुने देखिएको हुदाँ रु.६२,०७,८३०/- बजेट व्यवस्था भएको र आ.व. २०८०/०८१ मा स्वीकृत भएका योजना तथा कार्यक्रमहरुको मात्र सम्बन्धी शिर्षक बाट भुक्तानी हुने गरी तपसिल बमोजिमका भुक्तानी दिन बाँकी कच्चावारीको विवरण स्वीकृत गरी भुक्तानी हुन नसकेका विभिन्न कर्मचारी, व्यक्ति, फर्म, सस्था, उपभोक्ता समिती, निकाय, मिडिया र पत्रपत्रिकाको आ.व.२०८१/०८२ मा भुक्तानी दिनको लागी म्यादथप गरि भुक्तानी लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

भुक्तानी दिन बाँकीको खाता तथा
कच्चाबारी

बजेट उपशीर्षक नं

आर्थिक बर्ष २०८०/०८१

| दायित्व सृजना भएको मिति | कारोबार संकेत नं* | खर्च उपशीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बांकी रकम | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| 2081-04-23 | | | जनजाति शसक्तीकरण कार्यक्रम | वडास्तरीय आदिवासि जनजाति महासंघ कार्यसमिति | वडास्तरीय आदिवासि जनजाति महासंघ कार्यसमिति | ६०००० | कम निकासा भएको |
| 2081-04-23 | | | गौमुखी गाउँपालिकाको लोगो निर्माण | Joogle Technology Pvt.Ltd. | Joogle Technology Pvt.Ltd. | २५००० | कम निकासा भएको |
| 2081-04-23 | | | कसेरी देखि कापेसल्ला मोटरबाटो | कसेरी देखि कापेसल्ला मोटरबाटो उ स | कसेरी देखि कापेसल्ला मोटरबाटो उ स | २७२४०८.२५ | कम निकासा भएको |
| 2081-04-23 | | | पातल कटेरी देखि वडा कार्यालय खानेपानी योजना | पातल कटेरी देखि वडा कार्यालय खानेपानी योजना उ स | पातल कटेरी देखि वडा कार्यालय खानेपानी योजना उ स | ४७९८३९.८२ | कम निकासा भएको |
| 2081-04-23 | | | पुजा सडक मर्मत योजना | पुजा सडक मर्मत योजना | गौमुखी गाउँपालिकाको कार्यालय | ३४०००० | कम निकासा भएको |
| 2081-04-23 | | | इन्धन | जीवनदान सप्लायर्स | जीवनदान सप्लायर्स | ५२६३५५ | कम निकासा भएको |

तुलसीराम ... प्रमुख प्रशासकीय अधिकृत
गौमुखी गाउँपालिकाको कार्यालय
पुजा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 2081-04-23 | | | स्वयंमसेविका यातायात खर्च | स्वयंसेविका | सम्बन्धीत स्वयंसेविका | ४५९००० | कम निकासा भएको |
| 2081-04-23 | | | मदन मोटर साइकल वर्क सप | मदन मोटर साइकल वर्क सप | मदन मोटर साइकल वर्क सप | ४११४५३ | कम निकासा भएको |
| 2081-04-23 | | | होप टेक्नोलोजी सोलुसन | होप टेक्नोलोजी सोलुसन | होप टेक्नोलोजी सोलुसन | १५२८९५ | कम निकासा भएको |
| 2081-04-23 | | | हाइनिक्स ब्रदर्स | हाइनिक्स ब्रदर्स | हाइनिक्स ब्रदर्स | १७४५० | कम निकासा भएको |
| 2081-04-23 | | | ए टु जेट सप्लायर्स | ए टु जेट सप्लायर्स | ए टु जेट सप्लायर्स | ५८६३०० | कम निकासा भएको |
| 2081-04-23 | | | डिला अडर एण्ड सप्लायर्स | डिला अडर एण्ड सप्लायर्स | डिला अडर एण्ड सप्लायर्स | ९८५३६ | कम निकासा भएको |
| 2081-04-23 | | | हाइनिक्स कम्प्यूटिङ्ग सिस्टम | हाइनिक्स कम्प्यूटिङ्ग सिस्टम | हाइनिक्स कम्प्यूटिङ्ग सिस्टम | ३८८०० | कम निकासा भएको |
| 2081-04-23 | | | सुयोग्य ट्रेड लिंक | सुयोग्य ट्रेड लिंक | सुयोग्य ट्रेड लिंक | ७८३३० | कम निकासा भएको |
| 2081-04-23 | | | न्यू गौमुखी मोटर साइकल ग्यारेज | न्यू गौमुखी मोटर साइकल ग्यारेज | न्यू गौमुखी मोटर साइकल ग्यारेज | १०९०० | कम निकासा भएको |
| 2081-04-23 | | | ग्यालेक्सी इन्टर नेश्नल | ग्यालेक्सी इन्टर नेश्नल | ग्यालेक्सी इन्टर नेश्नल | १४४००० | कम निकासा भएको |
| 2081-04-23 | | | मष्टथान स्वास्थ्य चौकी भवन निर्माण | | | २४५००० | कम निकासा भएको |
| 2081-04-23 | | | ठुलावेशी ४ नं. वडा कार्यालय मष्टथान सडक मर्मत | | | ३४५००० | कम निकासा भएको |
| 2081-04-23 | | | तिखाचुली स्मार्ट कृषि कार्यक्रम | तिखाचुली स्मार्ट कृषि | तिखाचुली स्मार्ट कृषि | १९१६५५३ | कम निकासा भएको |
| जम्मा | | | | | | ६२०७८३० | |

गाउँपालिकाको कार्यालय
पुजा,प्यूठान
लुम्बिनी प्रदेश,नेपाल

निर्णय नं. २:

गौमुखी गाउँपालिकामा रिक्त रहेको एम.आइ.एस. अपरेटरको पदपुर्तिका लागि विज्ञापन गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

निर्णय नं. ३:

गौमुखी गाउँपालिकामा दरबन्दि तेरिज अनुसार रिक्त रहेको लेखापालको पदपुर्तिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र लुम्बिनी प्रदेश लोकसेवा आयोगमा माग गरि पठाउने सर्वसम्मत रुपमा निर्णय गरियो।

निर्णय नं. ४:

गौमुखी गाउँपालिका वडा नं. ५ मा देखिएको हैजा सङ्क्रमण नियन्त्रण र रोकथामका लागि योगदान पुर्याउने सबै पक्षलाइ हार्दिक धन्यावाद ज्ञापन गर्ने, बिरामीहरुको पूर्ण स्वास्थ्य लाभको कामना गर्ने र सङ्क्रमण थप फैलिन नदिन आवश्यक स्वास्थ्य सतर्कता एवं सचेतना अपनाउन आम जनसमुदायमा अनुरोध गर्ने । मनसुन जन्य रोगहरुको सङ्क्रमण फैलिन सक्ने सम्भाव्यतालाइ मध्यनजर गर्दै आवश्यक रोकथाम, उपचार र प्रवर्धनका लागि सबै स्वास्थयकर्मीहरु र स्वास्थ्य संस्थालाइ तयारी अवस्थामा राख्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

निर्णय नं. ५:

राष्ट्रिय परीक्षा बोर्डले लिएको २०८० सालको कक्षा १२ को वार्षिक परीक्षामा साधारण धार तर्फ प्यूठान जिल्ला प्रथम हुने गौमुखी माध्यमिक विद्यालय ठुलाबेसीका छात्र हिमाल गिरी लाई प्रोत्साहन स्वरूप रु १ लाख पुरस्कार सहित सम्मान गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

निर्णय नं. ६:

सम्भावित विपद् जोखिम न्यूनिकरण, उद्दार, राहत र पूनर्स्थापनाका लागि आवश्यक प्रभावकारी पूर्वतयारी गर्ने। बाढी पहिरोका कारण क्षेतीग्रस्त भएका सडक सिँचाइ लगायतका सार्वजनिक पुर्वाधारहरू पूनःनिर्माण गर्ने। किसानले लगाएका बालीनाली नोक्सानीको बस्तुगत अवस्था मूल्याङ्कन गरि विउ लगायतका राहत उपलब्ध गराउने सर्वसम्मत रुपमा निर्णय गरियो।

तुलसीराम ... प्रमुख प्रशासकीय अधिकृत

गौमुखी गाउँपालिका गाउँपालिकाको कार्यालय पुजा, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

गौ.गा.का.पा.बै.सं-०२/२०८१/०८२

आज मिति २०८१/०४/३० गतेका दिन गौमुखी गाउँपालिका अध्यक्ष श्री विष्णु कुमार गिरीको अध्यक्षतामा गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक बसि तपशिल बमोजिमको उपस्थितिमा विविध विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

| | |
|---|---|
| श्री विष्णु कुमार गिरी | अध्यक्ष |
| श्री महाविर राना मगर | उपाध्यक्ष |
| श्री दिल बहादुर थापा | वडाध्यक्ष, वडा नं १ |
| श्री डोर बहादुर राना | वडाध्यक्ष, वडा नं २ |
| श्री जँग बहादुर पुन मगर | वडाध्यक्ष, वडा नं ३ |
| श्री धनिराम सुनार | वडाध्यक्ष, वडा नं ४ |
| श्री बरुणध्वज मल्ल | वडाध्यक्ष, वडा नं ५ |
| श्री चन्द्र बहादुर खत्री | वडाध्यक्ष, वडा नं ६ |
| श्री कोमल पुरी | वडाध्यक्ष, वडा नं ७ |
| श्री निमा सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री कमला के.सी. | गाउँ कार्यपालिका सदस्य |
| श्री तेजभला राना मगर | गाउँ कार्यपालिका सदस्य |
| श्री सिता सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री बोम बहादुर सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री सुमित्रा गौंचन थकाली | गाउँ कार्यपालिका सदस्य |
| श्री तुल्सीराम पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

आमन्त्रित
झामुराम न्यौपाने - रा.प्र.मो. जिल्ला अध्यक्ष प्युठान
मधुराम के.सी. - नेपाली काङ्ग्रेस प्रतिनिधि
ज्ञानुमाया के.सी. - ने.क.पा. एमाले प्रतिनिधि
रमेश राना मगर - ए. ने.क.पा. माओवादी प्रतिनिधि
भरत बहादुर के.सी. - रा.प्र.मो. प्रतिनिधि
जोगिन्द्र बहादुर मल्ल -
अजय थापा - एस.बि.आई. बैंक म्यानेजर, गौमुखी शाखा
विवेक भुषाल - एस.बि.आई. बैंक कर्मचारी
श्री दुर्गा प्रसाद सुवेदी - प्रशासन अधिकृत

निर्णयहरु :

**निर्णय नं. १ :**

आ.व. २०८१/०८२ को प्रथम त्रैमासिकबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्न नेपाल एस.बि.आइ बैङ्क गौमुखी शाखा वडा स्तरमा जाने र आवश्यक व्यवस्थापन गौमुखी गाउँपालिकाले सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं.२ :**

सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुको बर्ग तथा वडागत यथार्थ तथ्याङ्क एवं बैङ्कको शाखा ठुलाबेसीमै सेवा लिन आउने लाभग्राहीहरुको संख्या निश्चित गर्न संयोजक महावीर राना (उपाध्यक्ष), सदस्य तुल्सीराम पौडेल (प्रमुख प्रशासकीय अधिकृत) र सदस्य वरुणध्वज मल्ल (५ नं. वडा अध्यक्ष) रहेको ३ सदस्य समिति गठन गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. ३ :**

गौमुखी गाउँपालिका एस.वि.आइ. शाखा अगाडी जनप्रतिनिधि लगायत सरोकारवालाहरुले सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी विषयमा सञ्चालन गरिरहेको संघर्षका कार्यक्रमहरु स्थगित गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. ४ :**

गौमुखी गाउँपालिकाको शिक्षा ऐन,२०७७ को दफा १६ अनुसार गाउँ शिक्षा समितिमा रिक्त रहेको सदस्यहरुमा देहायका व्यक्तिहरुलाई शिक्षा समितिको समितिमा मनोनयन गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

देहाय :

बाबुराम के.सी. — सदस्य (वि.व्य.स. अध्यक्षहरु मध्ये बाट मनोनित)
माधवराज पोखेल — सदस्य (शिक्षण पेशामा उच्च योगदान गर्ने मा.वि.तह प्र.अ. मध्ये बाट मनोनित)
जायश्वर जैसी — सदस्य (शिक्षण पेशामा उच्च योगदान गर्ने शिक्षकहरु मध्ये वाट मनोनित)
चित्रकला के.सी. - (शिक्षण पेशामा उच्च योगदान गर्ने महिला शिक्षकहरु मध्ये वाट मनोनित)
टुक वहादुर के.सी. — सदस्य (शिक्षा प्रेमिहरु मध्ये वाट मनोनित)
सुकमाया वि.क. — सदस्य (शिक्षा प्रेमिहरु मध्ये बाट मनोनित महिला)

**निर्णय नं. ५ :**

गौमुखी गाउँपालिकाको भौगोलिक विकटता तथा घटिराख्ने विपतहरुलाई मध्यनजर गर्दै गौमुखी गाउँपालिकामा वाढि तथा अत्यधिक वर्षा लगायत विविध कारणबाट घरमा पुग्ने क्षतिलाई राहत प्रदान गर्ने उदेश्यका साथ आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत नीति तथा कार्यक्रम राखिएकोमा सोहि वमोजिम कच्ची घर विमा कार्यक्रम सञ्चालन गर्नको लागि सूचना आवहान गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

तुल्सीराम पौडेल
प्र. प्रशासकीय अधिकृत

Scanned with CamScanner